राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक १६७ २०८२ माघ ६ गते मंगलवार (20 Jan. 2026) पृष्ठ ४ मूल्य रु. ३।-

# 'पीएमका लागि होइन, देश बदल्न घण्टीमा भोट दिनुस्' : बालेन

दैनिक समाचारदाता

जनकपुरधाम, ५ माघ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का वरिष्ठ नेता बालेन्द्र शाह (बालेन)ले तराई-मधेशसहित देशको समग्र विकास चाहनेहरूलाई 'घण्टी' चिन्हमा मतदान गर्न आग्रह गरेका छन् ।

जनकपुरधाममा मैथिली ठेठ भाषामा सम्बोधन गर्दै उनले काठमाडौं महानगरपालिकामा पाएको अवसरको उदाहरण दिँदै भने, "काठमाडौंवासीले मलाई काम गर्ने मौका दिए, मैले काम गरेर देखाएँ । अब देशलाई पनि त्यही अवसर दिनुहोस्, काठमाडौंजस्तै विकास गरेर देखाउँछु ।"

उनले स्पष्ट पारे, "घण्टीमा भोट कुनै व्यक्तिलाई प्रधानमन्त्री बनाउनका लागि होइन, सही मान्छेलाई अवसर दिनका लागि हो । मधेशी छोरा प्रधानमन्त्री बन्ने सपना पूरा गर्न सही समयमा सही ठाउँमा मत हाल्नुपर्छ ।"

आफ्नो सम्बोधनको सुरुवातमा उनले विभिन्न आन्दोलनमा सहिद भएका ज्ञात-अज्ञात सहिदप्रति सम्मान व्यक्त गरे । आफू भाषणभन्दा काममा विश्वास गर्ने व्यक्ति भएको उल्लेख गर्दै उनले भने, "म काम गरेर देखाउने मान्छे हुँ । मलाई काम गर्न दिनुहोस् ।"



डेढ महिनाअघि रामजानकी विवाह महोत्सवका क्रममा जनकपुर आएको स्मरण गर्दै बालेनले मिथिलाको सम्भावनातर्फ ध्यानाकर्षण गराए । "राम-जानकीजस्तो विश्वप्रसिद्ध जोडीको विवाहस्थल यही हो, तर हामी विवाहका लागि जयपुर र बाली जान्छौँ । मिथिलामा किन 'डेस्टिनेशन वेडिङ' हुँदैन ?" भन्दै उनले सरकारको नीति र व्यवस्थापनप्रति प्रश्न उठाए ।

उनले मधेशमा सबै जातजातिका मानिस एकै ठाउँमा जुटिनु सकारात्मक संकेत भएको बताउँदै जनकपुर बोर्डजस्तै समावेशी र सन्तुलित विकास मधेशमा आवश्यक रहेको धारणा राखे ।प्रदेश संरचनाबारे बोल्दै उनले प्रदेशलाई अझ बलियो बनाउनुपर्ने बताए । "जनकपुर प्रदेशको राजधानी हो । सामान्य प्रशासनिक कामका लागि पनि काठमाडौं धाउनुपर्ने अवस्था अन्त्य हुनुपर्छ," उनले भने । काठमाडौं मेयरको रूपमा आफूले गरेका काम उल्लेख गर्दै बालेनले ३५ वटा पालिकाका लागि एम्बुलेन्स व्यवस्था गरिएको उदाहरण दिए । "संघ सरकारमा पुग्ने अवसर पाएँ भने कति काम गर्न सकिन्छ, आफैं सोच्नुहोस्," उनले भने ।समाजवादको अर्थ व्याख्या गर्दै उनले काठमाडौं महानगरपालिकाले हरेक वर्ष २० हजार विद्यार्थीलाई छात्रवृत्ति दिने र विपन्नका लागि अस्पतालमा निःशुल्क बेडको व्यवस्था गरेको उल्लेख गरे । "यही समाजवाद सातै प्रदेश र ७५३ वटै पालिकामा आवश्यक छ," उनले जोड दिए ।

मिथिला र जनकपुरका पोखरी, मन्दिर, पाटी-पौवा संरक्षणको खाँचो औँल्याउँदै उनले त्यसको जिम्मा रास्वपाले लिने प्रतिबद्धता जनाए । पर्यटनको सम्भावनाबारे बोल्दै बालेनले भने, "देशभर वार्षिक १० लाख पर्यटक आउँछन्, तर अयोध्यामा मात्र १० करोड पुग्छन् । जानकी माताको शक्तिले एक्लै एक करोड पर्यटक तान्न सक्छ ।" सम्बोधनको अन्त्यमा उनले फेरि दोहोर्‍याए, "मधेशी छोरा प्रधानमन्त्री बन्नका लागि सही मान्छेलाई सही समयमा 'घण्टी'मा भोट दिनुस् ।"

## झापा-५ बाट बालेनलाई रास्वपाको टिकट, ओलीसँग सीधा प्रतिस्पर्धा

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का वरिष्ठ नेता बालेन्द्र शाह (बालेन)ले झापा-५ बाट प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि औपचारिक रूपमा उम्मेदवारीको टिकट प्राप्त गरेका छन् । पार्टी सभापति रवि लामिछानेमार्फत जनकपुरमा बालेनलाई टिकट हस्तान्तरण गरिएको हो ।

रास्वपाको चुनावी सभाका क्रममा सभापति लामिछाने र वरिष्ठ नेता बालेन दुवै जनकपुर पुगेका बेला टिकट प्रदान गरिएको पार्टी स्रोतले जनाएको छ । यससँगै झापा-५ मा बालेनको उम्मेदवारी औपचारिक रूपमा निश्चित भएको छ ।

झापा-५ लाई नेपाली राजनीतिमा अत्यन्त चासोका साथ हेरिने निर्वाचन क्षेत्रका रूपमा लिइन्छ । यस क्षेत्रबाट लामो समयदेखि नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली निर्वाचित हुँदै आएका छन् । बालेन र ओलीबीच हुने प्रतिस्पर्धालाई स्थापित राजनीतिक धार र नयाँ राजनीतिक विकल्पबीचको टक्करका रूपमा विश्लेषण गर्न थालिएको छ ।

रास्वपाले बालेनलाई झापा-५ मा अघि सार्नुको उद्देश्य नयाँ राजनीतिक विकल्पको सन्देश दिनु र स्थापित नेतृत्वलाई चुनौती प्रस्तुत गर्नु रहेको पार्टी नेताहरूको भनाइ छ । स्पष्ट र आलोचनात्मक अभिव्यक्तिका कारण बालेन युवामाझ लोकप्रिय रहँदै आएका छन् ।

जनकपुरमा आयोजित सभामा बालेनले मैथिली भाषामा सम्बोधन गर्दै मधेश, सुशासन, रोजगारी र राजनीतिक सुधारका विषयलाई प्राथमिकताका साथ उठाएका थिए । उनले राजनीतिमा नयाँ सोच, इमानदार नेतृत्व र जनउत्तरदायी शासन प्रणाली आवश्यक रहेको उल्लेख गर्दै आफू परिवर्तनको प्रतिनिधिका रूपमा चुनावी मैदानमा उत्रिएको बताए ।

यता, रास्वपाले झापा-५ लाई प्रतिष्ठाको निर्वाचन क्षेत्रका रूपमा लिएर आक्रामक चुनावी रणनीति बनाइरहेको जनाएको छ । टिकट वितरणसँगै बालेन छिट्टै झापा पुगेर मतदाता भेटघाट तथा चुनावी अभियान सुरु गर्ने तयारीमा छन् ।

फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचन नजिकिँदै जाँदा झापा-५ मा हुने यो प्रतिस्पर्धा राष्ट्रिय राजनीतिमा विशेष चासोका साथ हेरिने निश्चित देखिएको छ ।

सूचना माग्ने र पाउने मौलिक हकको रक्षा गरौं

*सार्वजनिक निकायले,*


- आफ्नो निकायसँग सम्बन्धित सूचना अद्यावधिक गरी राख्नुपर्छ ।
- त्यस्ता सूचना आवधिक रुपमा प्रकाशन तथा प्रसारणको व्यवस्था गर्नुपर्छ ।
- सूचना प्रवाह गर्न सूचना अधिकारी अनिवार्य तोक्नुपर्छ ।
- सूचना अधिकारी सम्बद्ध निकायको दोस्रो वा तेस्रो वरियताको अधिकारी हुनुपर्छ ।
- सूचना अधिकारीको नाम, पद, इमेल ठेगाना, मोबाइल नं. र तस्बिर सबैले देख्ने गरी कार्यालयमा र वेब साइटमा राख्नुपर्छ ।

कसैले सूचना मागे कानूनबमोजिम तोकिएको अवधिभित्र सूचना उपलब्ध गराउनुपर्छ ।

*नागरिकको सूचना माग्ने र पाउने हकको रक्षा गरौं, पारदर्शिता कायम गरौं ।*

नेपाल सरकार
**विज्ञापन बोर्ड**


अब अनलाइनबाट बुकिङ्को सुविधा



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी


को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका
वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका
वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



## सम्पादकीय

# १५ करोडको संरचना, सेवा शून्य

मधेस प्रदेशको सप्तरी जिल्लास्थित राजविराजमा निर्माण गरिएको सुविधा सम्पन्न बसपार्क उद्घाटन भएको महिनौँ बितिसक्दा पनि सञ्चालनमा आउन सकेको छैन । १५ करोड ६० लाख रुपैयाँको ठूलो सार्वजनिक लगानीबाट बनेको संरचना प्रयोगविहीन रहनु विकासको विडम्बनापूर्ण चित्र हो । यसै सन्दर्भमा प्रदेशका श्रम तथा यातायात मन्त्री मनिष सुमनले बसपार्क सञ्चालनका लागि सक्रिय पहल गर्ने प्रतिबद्धता जनाएका छन् । तर यो प्रतिबद्धता व्यवहारमा कहिले र कसरी रूपान्तरण हुन्छ भन्ने प्रश्न अझै अनुत्तरित छ ।

राजविराज बसपार्क तीन-तीन पटक टेन्डर आह्वान गर्दा पनि ठेक्का नलाग्नु सामान्य प्राविधिक समस्या मात्र होइन । यसले स्थानीय शासन, प्रदेश सरकार र सरोकारवाला निकायबीचको समन्वय अभाव तथा योजनागत कमजोरी उजागर गरेको छ । पूर्वाधार निर्माणमा 'पहिले बनाउने, पछि चलाउने' सोच हाबी हुँदा यस्ता परियोजना बोझिलो सम्पत्ति मात्र बन्ने गरेका छन् । उद्घाटन समारोह सम्पन्न भए पनि सञ्चालन मोडालिटी, व्यवस्थापन ढाँचा र आर्थिक आकर्षणबारे पर्याप्त गृहकार्य नगर्नु यसको मुख्य कारण देखिन्छ ।

बसपार्क सञ्चालनमा नआउँदा राजविराज नगरका नागरिकले प्रत्यक्ष सास्ती भोगिरहेका छन् । मुख्य बजार क्षेत्रका सडकबाटै सवारीसाधन चल्नु र पार्किङ हुनु यातायात अस्तव्यस्तताको कारण बनेको छ । दुर्घटनाको जोखिम, व्यापारिक क्षेत्रको अव्यवस्था र दैनिक आवागमनमा समस्या बढ्नुको मूल्य अन्ततः सर्वसाधारणले चुकाइरहेका छन् । सार्वजनिक लगानीको उद्देश्य जनजीवन सहज बनाउनु हो, तर यहाँ त्यसको ठीक उल्टो अवस्था देखिन्छ ।

कार्यवाहक नगर प्रमुख इसरत परवीनले आवश्यक पूर्वतयारी पूरा भए पनि टेन्डर प्रक्रियामा चासो नदेखिएको गुनासो गरेकी छन् । यसको अर्थ ठेक्का व्यवस्थापनको मोडेल नै व्यवहारिक छैन भन्ने संकेत हो । निजी क्षेत्र आकर्षित नहुने संरचना बनाइनु, सञ्चालनमा जोखिम बढी हुनु वा आम्दानी सुनिश्चित नहुनुजस्ता पक्षमा गहिरो समीक्षा आवश्यक छ । केवल टेन्डर आह्वान दोहोऱ्याउनु समाधान होइन ।

मन्त्री सुमनले राजविराज बसपार्कलाई सप्तरीको गौरवको आयोजना भन्दै यथाशीघ्र सञ्चालनमा ल्याउने प्रतिबद्धता जनाएका छन् । साथै, भ्रष्टाचारको जालोबाट टाढा रहने अभिव्यक्तिले नैतिक अपेक्षा पनि बढाएको छ । तर मधेस प्रदेशमा मात्र होइन, समग्र देशभर यस्ता अधुरा र प्रयोगविहीन पूर्वाधार थुप्रिएका छन् । त्यसैले अब मन्त्रीस्तरीय आश्वासनभन्दा स्पष्ट कार्ययोजना, समयसीमा र जिम्मेवारी निर्धारण आवश्यक छ । राजविराज बसपार्कको मुद्दा एउटा परियोजनासम्म सीमित छैन । यो सार्वजनिक लगानीको उपयोगिता, सुशासन र जवाफदेहिताको परीक्षण हो । यदि अब पनि ठोस कदम चालिएन भने यो बसपार्क अर्को 'उद्घाटनमै सीमित' आयोजना बन्नेछ । विकासको सार संरचना बनाउनु होइन, त्यसलाई नागरिकको दैनिक जीवनसँग जोड्नु हो । राजविराज बसपार्क सञ्चालनमा ल्याउनु मधेस प्रदेश सरकारका लागि त्यही परीक्षा हो ।

# स्टिम शैक्षिक दृष्टिकोण भनेको के हो ?



पूजा खड्का

स्टिम भनेको अङ्ग्रेजी अक्षरका एस, टी, ई, ए र एम बाट बनेको शब्द हो । रु माथि दिइएका यी प्रत्येक अक्षरको समायोजन बाट नै स्टिम शैक्षिक दृष्टिकोण पूरा हुन्छ । स्टिम भनेको पाँच विषयहरूको संयोजन हो । यसमा प्रकृतिका नियमहरू बुझ्ने, उपकरण र प्रविधिको प्रयोग गर्ने, समस्या समाधानका लागि संरचना/डिजाइन बनाउने, सिर्जनशीलता र कल्पनाशक्ति प्रयोग गर्ने, गणना, मापन र तर्क प्रयोग गर्ने जस्ता गतिविधि समेटिएका हुन्छन् ।

*स्टिम शिक्षा किन आवश्यक छ ?*

स्टिम शिक्षाले विद्यार्थीहरूलाई केवल किताब पढ्ने मात्र होइन सोच्न, गर्न, सिर्जना गर्न र समस्या समाधान गर्न सिकाउँछ।

*स्टिम विषय हो कि तरिका ?*

स्टिम नितान्त पढाउने तरिका हो, जहाँ विभिन्न विषयहरूलाई एकसाथ जोडेर शिक्षण सिकाइ क्रियाकलाप गरिन्छ । शिक्षक-शिक्षिकाहरूका मार्गदर्शन नोटमार्फत स्टिम दृष्टिकोणका उद्देश्य पूरा गर्नुपर्ने हुन्छ । जसमा विद्यार्थीमा समालोचात्मक सोच विकास गर्नु, वास्तविक जीवनका समस्यासँग सिकाइलाई जोड्नु, टोलीमा काम गर्ने र संप्रेषण सीप बढाउनु, सिर्जनशीलता र नवप्रवर्तन गर्नु जस्ता कार्य पर्दछन् ।

*कक्षामा स्टिम शिक्षा कसरी लागू गर्ने ?*

कक्षामा स्टिम शिक्षा लागू गर्ने मुख्य तरिका परियोजना-आधारित सिकाइ प्रयोग गर्नु नै हो।वास्तविक समस्या प्रस्तुत गरी समाधान खोज्न लगाउने।प्रयोग,डिजाइन,चित्रकला,
गणना र प्रस्तुति एकै गतिविधिमा समावेश गर्ने।विद्यार्थीहरूलाई प्रश्न सोध्न र आफ्ना विचार प्रस्तुत गर्न प्रोत्साहन गर्ने।उदाहरण र प्रत्यक्ष परियोजना-आधारित क्रियाकलाप गराइ स्टिम शब्दका भाव झल्किने गतिविधि गराउने।

*स्टिम शिक्षाका फाइदाहरू*

स्टिम शिक्षाका प्रमुख लाभहरू, व्यवहारिक र जीवनोपयोगी सिकाइमा गुणात्मक फड्को मार्न मद्दत गर्छ । आत्मविश्वास र नेतृत्व विकासमा, भविष्यका सीपहरू विकास गर्न टेवा पुर्याउँछ ।

*स्टिम शिक्षामा प्रत्येक शब्दका भूमिका:*

माथि उल्लेख भइसकेको अङ्ग्रेजी अक्षर एस, टी, ई, ए र एमको समायोजनबाट निर्माण भएको स्टिम शब्दले समग्र तथा बहुविषयगत सिकाइलाई प्रवर्द्धन गर्दछ । आउनुहोस् यी पाँचवटै शब्दका बारेमा चर्चा गरौं ।

*एस : साइन्स*

स्टिम शब्दको पहिलो अक्षर एसले भनेको साइन्स अर्थात विज्ञानलाई जनाउँदा । स्टिम शिक्षामा विज्ञानलाई जोड्न अवलोकन, अन्वेषण, अनुसन्धान तथा प्रयोगमार्फत प्राकृतिक संसारको अध्ययन अध्यापन गराउनुपर्ने हुन्छ । यसबाट विद्यार्थी वर्गमा जिज्ञासा, उत्सुकता, अवलोकन, विश्लेषण तथा प्रमाणमा आधारित तर्क निर्माण गर्न सक्ने सीपहरू विकास गराउन सकिन्छ ।

*टी : टेक्नोलोजी*

दोस्रो अक्षर टीले टेक्नोलोजी अर्थात प्रविधिलाई जनाउँछ । प्रविधिलाई शिक्षामा जोड्न, समस्या समाधान गर्न वा कार्य सप्पन्न गर्न उपकरण, मेसिन तथा डिजिटल प्लेटफर्महरूको प्रयोग गर्न उत्प्रेरित गर्न सकिन्छ । डिजिटल साक्षरता तथा प्राविधिक उपकरण प्रयोग गरी समस्या समाधान गर्नसक्ने सीपहरू विकास गर्न/गराउन सकिन्छ ।

*इ : इन्जिनियरिङ*



स्टिम शब्दको तेस्रो अक्षर इ अर्थात इन्जिनियरिङलाई स्टिम शिक्षामा जोड्न वास्तविक जगतका समस्याहरूलाई सम्बोधन गर्न समाधानहरू डिजाइन गर्ने, निर्माण गर्ने र सहजिकरण गर्नेमा केन्द्रित गराउन सकिन्छ । संरचनात्मक र तार्किक सोच, डिजाइन र प्रोटोटाइपिङ, सहकार्य, टिमवर्क, परीक्षण र पुनरावृत्ति विकासमा मद्दत पुग्छ ।

*ए : आर्ट*

यसमा एको अर्थ आर्ट अर्थात कला हो । कलालाई स्टिम शिक्षामा जोड्न सिर्जनशीलता, डिजाइन, नवप्रवर्तनका सौन्दर्य पक्षहरूमा केन्द्रित सिर्जनशील भावनात्मक सोच, कल्पनाशीलता, दृश्य र मौखिक संचार, कथावाचन, भावनात्मक अभिव्यक्ति र व्याख्या गर्न सक्ने कौशलको विकास हुन्छ।

*एम : म्याथ*

अन्तिम अक्षर एम भन्नुको ताप्पर्य म्याथ अर्थात गणित हो । गणिलाई स्टिम शिक्षामा जोड्न संख्या, ढाँचा, तार्किक संरचनाहरूको अध्ययन, विज्ञान र प्रविधिका भाषा प्रदान गर्ने, समस्या समाधान, विश्लेषणात्मक सोच र निर्णय लिने कौशलहरू विकास हुन्छ। यो विधिले विद्यार्थीहरूलाई सिर्जनात्मक प्रक्रियासँग परिचित गराउन मद्दत गर्दछ ।अर्थपूर्ण सहकार्यलाई प्रोत्साहन दिन्छ जसले आलोचनात्मक सोचलाई बढाउँछ । समस्यालाई नयाँ र अद्वितीय तरिकाले समाधान गर्न सिकाउँछ । व्यवहारिक सिकाइ अनुभव प्रदान गर्दछ जसले गर्दा सहकार्यमा आधारित सिकाइमा जोड दिन्छ ।

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।
वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।
मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।
कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।
सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।
कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।
तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।
वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।
धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।
मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।
कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।
मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# देशव्यापी प्रविधि ह्याकाथन ‘कोड फर इम्प्याक्ट’ को सुरुवात




काठमाडौँ । अमेरिकी दूतावासले आद्यन्त अड्भाइजरी, अमेरिकन चेम्बर अफ कमर्स नेपाल र आद्यन्त फन्ड म्यानेज्मन्टसँगको साझेदारीमा सोमबार ‘कोड फर इम्प्याक्ट : अमेरिका-नेपाल प्रविधि नवप्रवर्तन ह्याकाथन” सुरुवातको घोषणा गरेको छ।

यो देशव्यापी पहलले स्थानीय चुनौतीलाई प्रविधिमा आधारित समाधानको विकासका निम्ति नेपालका ७ वटै प्रदेशबाट गरी १७५ जनाभन्दा बढी युवा नवप्रवर्तकलाई संलग्न गराउने जनाइएको छ।

६ महिना लामो यस कार्यक्रमले विद्यार्थी, नयाँ पेसाकर्मी र उद्यम गर्न चाहने आकांक्षीलाई सफलताका लागि एक बृहत् माध्यम उपलब्ध गराउने छ जसमा सघन प्रादेशिक ह्याकाथनहरू, व्यावहारिक मार्गदर्शन, बीज कोष र थप विकास एवं लगानीका मार्गहरूलगायत समावेश हुनेछन् ।

‘नेपालका नवप्रवर्तकको आगामी पुस्ता असाधारण रूपमा सृजनशील र सक्षम छ’ नेपालस्थित अमेरिकी दूतावासका सार्वजनिक मामिला प्रमुख माइक हार्करले भने, ‘कोड फर इम्प्याक्ट कार्यक्रममार्फत काठमाडौँभन्दा धेरै टाढासम्म देशभरका युवालाई उन्नत प्रविधि उपकरण, मार्गदर्शन र अवसर प्रत्यक्ष रूपमा प्रदान गर्ने प्लेटफर्मलाई सहयोग गर्न पाएकोमा अमेरिकालाई गर्व छ।’

उनले यो पहलले अमेरिका-नेपाल साझेदारीको मजबुतीका साथै नवप्रवर्तन, सीप विकास र दुई देशबिच व्यापारिक सम्बन्धलाई गहिरो बनाउने आर्थिक वृद्धिलाई तीव्रता दिने हाम्रो साझा प्रतिबद्धता दर्शाउने बताए ।

ह्याकाथन श्रृंखला माघ ४-५ गते बुटवलबाट सुरु भएको छ। माघ ८-९ गते पोखरामा जारी रहनेछ। त्यसपछि माघ १२-१३ गते धनगढी र विराटनगरमा एकैसाथ कार्यक्रम हुनेछन् ।

यो यात्रा माघ १६-१७ गते जनकपुर र माघ १७-१८ गते सुर्खेत पुगी माघ २२-२३ गते काठमाडौँमा समापन हुनेछ। ह्याकाथनका प्रतिस्पर्धीले शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र डिजिटल व्यापारमा रहेका चुनौतीलाई सम्बोधन गर्न नीतिपरक ‘एआई’, मानव-केन्द्रित डिजाइन र विश्वव्यापी प्रविधि प्लेटफर्महरूको प्रयोग गर्नेछन् । उनीहरूलाई अनुभवी संस्थापक, प्रविधि विज्ञ र ‘इकोसिस्टम’ नेतृत्वकर्ताहरूसहितको सञ्जालले मद्दत गर्नेछ।

“सिलिकन भ्यालीलगायतका सुदृढ प्रविधि ‘इकोसिस्टम’ साझा ज्ञान र निरन्तरको परीक्षणका साथै साहसी एवं मेहनती प्रतिभालाई सफलताका लागि आवश्यक स्रोतसाधनसहित विश्वास गर्ने तत्परताको जगमाथि निर्मित हुन्छन्’ सेक्युरिटीपालका संस्थापक, एक मार्गदर्शक र यस पहलका साझेदारसमेत रहेका पुकार हमालले भने, ‘नेपालमा त्यस्तो खाले अवस्थाको सृजना गर्नुका साथै नेपालको ‘सिलिकन पिक्स’ ब्रान्डिङ्जस्ता प्रयासमार्फत प्रविधिसँग सम्बन्धित हाम्रा क्षमताको दृश्यता पनि बढाउँदै हामीले आफ्ना सोचहरूलाई विश्वव्यापी रूपमा प्रतिस्पर्धी कम्पनीमा परिणत गर्न सक्छौँ ।’

अमेरिकाको स्वतन्त्रताको २५० औँ वार्षिकोत्सव नजिकिँदै गर्दा, कोड फर इम्प्याक्टले व्यावहारिक समस्या समाधान र आर्थिक अवसरप्रतिको साझा प्रतिबद्धतामाथि प्रकाश पारेको दूतावासले उल्लेख गरेको छ। स्थानीय प्रतिभा र विश्वमा उपलब्ध स्रोत साधनबिचको खाडललाई कम गरी यस कार्यक्रमले प्रादेशिक समाधानलाई व्यवहारिक उद्यमशिलतामा विकसित गर्न मद्दत पुऱ्याउनुका साथसाथै अमेरिका र नेपालबिच नवप्रवर्तनसँग सम्बद्ध सम्बन्धलाई गहिरो बनाउने जनाइएको छ।

# अग्निपीडित परिवारलाई राहत सामग्री वितरण

दैनिक समाचारदाता
सप्तरी, ५ माघ। धर्मी हल्फा महिला विकास क्लब सप्तरीले तिरहुत गाउँपालिका-१, धनपुरी टोलका अग्निपीडित परिवारलाई राहत सामग्री वितरण गरेको छ।




माघ १ गते भएको आगलागीमा स्थानीय जोगिन्द्र यादवको घर जलेर नष्ट हुँदा करिब ६ लाख रुपियाँ बराबरको धन माल क्षति भएको थियो। आगलागीपछि सर्वस्व गुमाएर बिचल्लीमा परेका यादव परिवारलाई सोमबार क्लबले त्रिपाल, झुल, ब्ल्याङ्केट, थाल, गिलास, कराही, डेगची, छलनी, बाल्टी, मग, म्याट्रेसलगायत आवश्यक घरायसी सामग्री सहयोग स्वरूप प्रदान गरेको हो।

क्लबका अध्यक्ष तथा समाजसेवी इन्जिनियर सूर्यनारायण यादवले पीडित परिवारलाई हस्तान्तरण राहत सामग्री हस्तान्तरण गर्नु भयो। सो अवसरमा अध्यक्ष यादवले विपद्को समयमा मानवीय सहयोग नै ठुलो सहारा हुने बताउँदै स्थानीय तह, सङ्घसंस्था र सबै सरोकारवालालाई पीडितको सहयोगमा अघि बढ्न आग्रह गर्नु भयो। कार्यक्रममा अस्थायी प्रहरी पोस्ट त्रिकोलका प्रहरी सहायक निरीक्षक गयाप्रसाद चौधरी, सशस्त्र प्रहरी सहायक निरीक्षक अजय यादव सहित स्थानीय भद्रभलाद्मी तथा समाजसेवीहरूको उपस्थिति रहेको थियो।

# बागमती प्रदेशका ६ जना सांसदले दिए राजीनामा



दैनिक समाचारदाता
हेटौँडा, ५ माघ। बागमती प्रदेशका ६ जना प्रदेशसभा सदस्यले पदबाट राजीनामा दिएका छन्। फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवार बन्नका लागि उनीहरूले पदबाट राजीनामा दिएका हुन्।

सचिवालयका अनुसार राजीनामा दिनेमा नेपाली कांग्रेसका कुन्दनराज काफ्ले, नेकपा एमालेका अमनकुमार मास्के र प्रकाश श्रेष्ठ, नेपाली कम्युनिस्ट पार्टीका युवराज दुलाल र वसन्तप्रसाद मानन्धर तथा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का सुनिल केसी रहेका छन्। केसीबाहेक सबै सांसद प्रदेशको मन्त्री भइसकेका छन्।

पूर्वआर्थिक मामिला तथा योजनामन्त्री समेत रहेका दोलखाका काफ्लेले आज हेटौँडा-१० स्थित प्रदेशसभामै उपस्थित भएर उपसभामुख अप्सरा चापागाईंलाई राजीनामा बुझाएका थिए। मास्के, श्रेष्ठ, दुलाल, मानन्धर र केसीले प्रदेशसभाको जिमेलमा राजीनामा पठाएका हुन। उनीहरूको राजीनामा पत्रलाई प्रदेशसभा सचिवालयले प्रक्रिया अगाडि बढाइसकेको छ।

# पोखराबाट पक्राउ परे दुर्गा प्रसाईं

दैनिक समाचारदाता
पोखरा, ५ माघ। मेडिकल व्यवसायी दुर्गा प्रसाईं पोखराबाट पक्राउ परेका छन्।

निर्वाचन बहिष्कारदेखि विभिन्न आन्दोलनको कार्यक्रम घोषणा गरेर सरकारसँग सम्झौतासमेत गरेका प्रसाईंले निर्वाचन आयोगमाथि गम्भीर आरोप लगाउनेदेखि सरकारी वेबसाइड ह्याक गरेर डाटा चोरी गर्नेसम्मको योजना बनाएर रकम लगानी गरेकोसम्म आरोप छ। कांग्रेसको विषेश महाधिवेशन पक्षधरले निर्वाचन आयोगलाई ५२ करोड रुपैयाँ दिएको अभिव्यक्ति दिएका प्रसाइँले पैसा लगानी गरेर सरकारी वेबसाइड ह्याक गरेर डाटा चोरी गर्न अपराधको गम्भीर योजना बनाएको अडियोसमेत सार्वजनिक भएको थियो। प्रसाईंलाई पक्राउ गरी अनुसन्धान गर्न निर्वाचन आयोगले पत्राचारसमेत गरेको थियो। राष्ट्र, राष्ट्रियता धर्म संस्कृति र नागरिक बचाउ अभियानका संयोजकसमेत रहेका प्रसाईं सोमबार कार्यक्रमका लागि पोखरा आएका थिए।

मानिस पक्राउ गरी जिल्ला प्रहरी परिसर काठमाडौंको मानिस पक्राउ गरी उपस्थित गराइदिन पठाएको पत्रानुसार कास्की प्रहरीले उनलाई पक्राउ गरेको हो।



कांग्रेसको विशेष महाधिवेशन पक्षले आयोगलाई ५२ करोड बुझाएर नतिजा आफ्नो पक्षमा पारेको भनेर सार्वजनिक अभिव्यक्ति दिएका थिए। उनले सामाजिक सञ्जालमा पनि यो भिडियो पोस्ट गरेका थिए।

मेडिकल व्यवसायी प्रसाईंले नागरिक बचाउ अभियानका नाममा देशभर कार्यक्रम गर्दै हिँड्ने गरेका थिए भने पछिल्लो समय राजावादी अभियानमा हिँडिरहेका छन्। राजसंस्था पुनर्स्थापना गर्ने भन्दै आन्दोलनका नेतृत्व गरेका प्रसाईं तिन कुने घटनामा पक्राउ परेका थिए।

कारागारबाट छुटेपछि जेनजी आन्दोलनका बेला पनि प्रसाईंको भूमिकालाई शंकास्पद ढंगले हेरिएको थियो भने उनलाई आन्दोलनको स्टेकहोल्डर्स भन्दै नेपाली सेनाले वार्तामासमेत बोलाएको थियो।

जेनजी आन्दोलनको फाइदा उठाउन खोजेका प्रसाईं असफल बनेपछि सुशीला कार्की नेतृत्वको सरकारको विरुद्धमा अभिव्यक्ति दिँदै आइरहेका छन् भने चुनाव बहिस्कार गर्ने भन्दै अभियान चलाइरहेका छन्। पटक पटक पक्राउ पर्दै छुट्दै गरेका प्रसाईंको अभिव्यक्ति र सरकारी डाटा चोरी गर्ने घटनाले उनी पक्राउ पर्दै फेरि प्रहरी हिरासतमा पुगेका छन्।

निर्वाचन आयोगले उनलाई कारबाहीको दायरामा ल्याउन भन्दै पत्र काटेपछि प्रसाईंको सरकारी टाढा चोरी गर्ने योजना बुनेको अर्को अडियो पनि सार्वजनिक भएको थियो। प्रसाइँलाई काठमाडौं पठाउने तयारी गरेको कास्की प्रहरी प्रवक्ता तथा सूचना अधिकारी डिएसपी हरिबहादुर बस्नेतले जानकारी दिए।

राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति बचाउ अभियानको नाममा कार्यक्रम, विभिन्न प्रदर्शन गर्दै पछिल्लो समय निर्वाचन बहिस्कार गर्ने भनेका प्रसाइँसँग सरकारले माघ २ गतेमात्र सम्झौता गरेको थियो। कार्तिक २६ गते दुर्गा प्रसाईं नेतृत्वको अभियानले गृहमन्त्री अर्यालसँग २७ बुँदे माग राखेको थियो। त्यसमध्ये सरकार र राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियानका संयोजक प्रसाईंबीच १२ बुँदे सम्झौता भएको थियो।

सरकारले आन्दोलनका क्रममा दुर्गा प्रसाईं लगायतमाथि लागेका संगठित अपराध र फौजदारी मुद्दाहरू फिर्ता लिने प्रक्रियालाई सरकारले मन्त्रिपरिषद्को बैठकबाट तुरुन्तै अघि बढाउने बताएको थियो। सरकारसँग भएको सम्झौतामा किरात र बौद्ध धर्मसहितको हिन्दु अधिराज्य, प्रदेश संरचनाको खारेजी र राजसंस्थाको पुनर्स्थापना सम्बन्धी मागका सन्दर्भमा आवश्यक संवैधानिक र कानुनी सुधारका विषयमा अध्ययन गरी सुझाव पेस गर्न सरकारले एक ‘उच्चस्तरीय संविधान संशोधन सुझाव आयोग’ गठन गर्ने निर्णय भएको थियो। लघुवित्त र सहकारीका ऋणीहरूलाई राहत दिन भन्दै साना बचतकर्ता र ऋणीहरूको हकमा आगामी असार मसान्तभित्र १ लाख रुपैयाँसम्म फिर्ता गराउन सरकारले राष्ट्रिय सहकारी प्राधिकरणलाई ऋण दिएर ‘चक्रवर्ती कोष’ स्थापना गर्ने पनि सहमति भएको थियो।



# पूर्वसुरक्षाकर्मीको राजनीतिक प्रवेश



दैनिक समाचारदाता
काठमाडौं, ५ माघ । २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनका लागि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले आइतबार उम्मेदवारलाई टिकट बाँड्यो । जसको पहिलो नम्बरमा थिए, विश्वराज पोखरेल ।

टिकट पाएसँगै पोखरेल ओखलढुंगाबाट उम्मेदवार बन्ने पक्का भएको छ । टिकट प्राप्त भएपछि पोखरेलले पार्टीले पहिलो नम्बरमै राखेर टिकट दिएकोमा खुसी व्यक्त गर्दै भने, 'ओखलढुंगा मात्रै नभएर देशभर घण्टी बज्छ ।'

पार्टी प्रवेशलगत्तै चुनाव प्रचारप्रसारमा होमिएका पोखरेल तिनै व्यक्ति हुन् जो डेढ वर्ष सिनियर हुँदा पनि प्रहरीको सर्वोच्च कमान्डर (आईजीपी) बन्न पाएका थिएनन् । पोखरेलभन्दा १६ महिना जुनियर एआईजी धीरजप्रताप सिंह १८ वैशाख २०७९ मा आईजीपी बने ।

त्यसपछि पोखरेलले राजीनामा दिए । राजीनामापछि साढे तीन वर्ष गुमनाम बसेका पोखरेल अहिले चुनावी प्रचारप्रसारमा व्यवस्त छन् । यीबाहेक केही पूर्वसुरक्षाकर्मीहरू पनि अहिले दलीय राजनीतिमा प्रवेश गरेर चुनावी मैदानमा होमिएका छन् ।

***सर्वेन्द्र खनाल***

नेपाल प्रहरीका पूर्वआईजी सर्वेन्द्र खनाल पनि तेस्रो पटक चुनावमा प्रतिस्पर्धा गर्दैछन् । आफ्नै नेतृत्वमा समुन्नत पार्टी नेपाल खोलेका खनाल अहिले मधेश भरेका छन् । बारा-४ बाट चुनाव उठ्ने उनको तयारी छ ।

तराईमा आफ्नो जनमत राम्रो बताउँदै आएका खनालले उम्मेदवारी दिने अनलाइनखबरलाई बताए । यसअघि पनि दुई पटकसम्म खनाल प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवार बनेका थिए । २०७९ को निर्वाचनमा उनी काठमाडौं-६ बाट नेकपा एमालेबाट उम्मेदवार बनेका थिए । त्यतिबेला खनाललाई पराजित गर्दै रास्वपाका शिशिर खनाल विजयी भएका थिए । शिशिरले १४ हजार २२१ मत ल्याएर विजयी हुँदा सर्वेन्द्रले ८ हजार ९१७ मत ल्याएका थिए ।

उनै खनाल २०८० मा भएको उपनिर्वाचनमा तनहुँ-१ बाट एमालेबाटै उम्मेदवार बने । खनाललाई रास्वपाका स्वर्णिम वाग्लेले पराजित गरेका थिए । वाग्लेले ३४ हजार ९१९ मत ल्याएर विजयी हुँदा खनालले ८ हजार ४८८ मतसहित तेस्रो भएका थिए ।

***शम्भु सुस्केरा***

शम्भु सुस्केराको नामले परिचित शम्भुप्रसाद ढकाल नेपाल प्रहरीका अवकाशप्राप्त सई हुन् । सुस्केरा आगामी फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनमा झापा-४ बाट उम्मेदवार बन्ने पक्का भएको छ । रास्वपा झापाका जिल्ला सचिवसमेत रहेका सुस्केराले टिकट पाइसकेका छन् ।

उनी २०७९ मा सम्पन्न भएको प्रतिनिधिसभा निर्वाचनमा पनि रास्वपाबाट उम्मेदवार बनेका थिए । त्यतिबेला पनि उनले झापा-४ बाटै प्रतिस्पर्धा गरेका थिए ।

त्यतिबेला एमालेका लालप्रसाद साँवा लिम्बु (एलपी) विजयी भएका थिए । साँवाले २९ हजार ३१५ मत ल्याएर विजयी हुँदा १४ हजार ६९ मतसहित सुस्केरा तेस्रो भएका थिए ।

सईबाट अवकाश पाएका उनी साहित्यक क्षेत्रमा कलम चलाउँदै आएका छन् ।

***राजु पाण्डे***

राजु पाण्डे पनि रास्वपाबाटै उम्मेवार बन्दैछन् । उनलाई काठमाडौं-३ बाट उम्मेदवार बन्न पार्टीले टिकट दिइसकेको छ । काठमाडौं महानगरपालिकाको नगर प्रहरी प्रमुखको रूपमा रहेका उनी निर्वाचन लड्ने उद्देश्यले राजीनामा दिएका थिए ।

मेयर बोलन शाहले समेत राजीनामा दिएर रास्वपा प्रवेश गर्दै झापा-५ बाट उम्मेवार बन्ने भएपछि उनका विश्वासपात्र पाण्डे पनि राजीनामा दिएर निर्वाचनमा होमिएका हुन् ।

***विक्रमसिंह थापा***

थापा नेपाल प्रहरीका पूर्वएसएसपी हुन् । नेपाली कांग्रेसबाट उम्मेदवार सिफारिस भएका थापा अहिले भने रास्वपामा प्रवेश गरेर प्रतिनिधिसभाको उम्मेदवार बनेका छन् ।

उनी कपिलवस्तु-२ बाट उम्मेदवार बनेका हुन् । २०७९ को निर्वाचनमा उनी नेपाली कांग्रेसबाट लुम्बिनी प्रदेशसभामा उम्मेदवार बनेका थिए । त्यतिबेला थापा पराजित भएका थिए ।

थापा कांग्रेसको महाधिवेश प्रतिनिधिसमेत थिए । थापाले जिल्ला प्रहरी परिसर काठमाडौंको प्रमुख रहेर काम गरेका थिए ।

यसैगरी रास्वपाबाटै पूर्वसैनिक अधिकृत प्रणयशमशेर राणा निर्वाचन उठ्ने तयारी गरे पनि निश्चित भइसकेको छैन । यसअघि उनी रास्वपाबाटै काठमाडौं-५ मा चुनाव लडेका थिए । अघिल्लो निर्वाचनमा पूर्वडीआइजी नवराज सिलवाललाई एमालेले ललितपुर-१ बाट उम्मेदवार बनाएको थियो । यो पटक भने एमालेले उनलाई टिकट दिएको छैन ।

यसअघि निर्वाचन लडेका रमेश खरेल पनि यो पटक भने निर्वाचनमा उम्मेदवारी दिने तयारीमा देखिँदैनन् ।

# पूर्वमुख्यमन्त्री सतिशकुमार सिंहद्वारा प्रदेशसभा सदस्य पदबाट राजीनामा

दैनिक समाचारदाता
जनकपुरधाम ५ माघ । मधेश प्रदेशका पूर्वमुख्यमन्त्री सतिशकुमार सिंहले प्रदेशसभा सदस्य पदबाट राजीनामा दिनु भएको छ ।

जनकपुरधामस्थित मधेश प्रदेशसभा कार्यालयमा प्रदेशसभाका सभामुख रामअशिष यादवसमक्ष पूर्वमुख्यमन्त्री सिंहले राजीनामा पत्र बुझाउनु भएको हो ।



मधेश प्रदेशसभाको प्रदेशसभा सचिवालयमा पेस गरिएको राजीनामा पत्रमा उहाँले नेपालको संविधान २०७२ को धारा १८० (क) तथा प्रदेशसभा कार्य सञ्चालन नियमावली २०७५ को नियम १८४ (१) बमोजिम प्रदेशसभा सदस्य पदबाट राजीनामा दिएको उल्लेख गर्नु भएको छ ।

जनमत पार्टीबाट सप्तरीको प्रदेशसभा निर्वाचन क्षेत्र नं २ (क) बाट निर्वाचित सिंहले आजैदेखि लागु हुने गरी राजीनामा दिनु भएको हो । रासस

# आगलागीबाट ६ लाख बराबरको क्षति

दैनिक समाचारदाता
सप्तरी, ५ माघ । सप्तरीको कञ्चनरूप नगरपालिका-८ मा आगलागी भएको छ । आगलागीबाट ६ लाख रुपियाँ बराबरको क्षति भएको छ ।

आइतबार राति स्थानीय रामचन्द्र ठाकुर र उहाँका भाइ राजकुमार ठाकुरको गाईगोठमा आगलागी हुँदा सो क्षति भएको हो ।



आगलागीबाट रामचन्द्रको टिनको छानो भएको कच्ची गोठ पूर्णरूपमा जलेर नष्ट भएको छ । गोठभित्र रहेका ४ वटा गाई जलेका छन् । त्यसैगरी, राजकुमारको गोठ पनि आगलागीबाट जलेको छ । गोठभित्र रहेका १ वटा गाई, ३ वटा बाछी र १ वटा बाखा जलेका छन् ।

आगलागीबाट दुवैजनाको तीन-तीन लाख गरी कुल ६ लाख रुपियाँ बराबरको क्षति भएको इलाका प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी नायब उपरीक्षक माधवप्रसाद काफ्लेले जानकारी दिनु भयो । दमकल, नेपाल प्रहरी र स्थानीयवासीको सहयोगमा राति करिब ११:४५ बजे आगो पूर्णरूपमा नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ ।

# पूर्वपश्चिम झण्डा मार्च रौतहटलाई हस्तान्तरण

दैनिक समाचारदाता
सर्लाही, ५ माघ । सशस्त्र प्रहरी बल नेपालको पूर्वपश्चिम झण्डा मार्च सर्लाहीबाट रौतहटलाई हस्तान्तरण गरिएको छ ।

२५ औं सशस्त्र प्रहरी दिवस-२०८२ (रजत) महोत्सवको अवसरमा पूर्वको मेची र पश्चिमको महाकालीबाट सीमा क्षेत्रमा झण्डा मार्च कार्यक्रम सुरु गरिएको थियो । सो क्रममा पूर्व मेचीतर्फबाट सुरु भएको पूर्वपश्चिम झण्डा मार्च कार्यक्रम माघ २ गते महोत्तरीले सर्लाहीलाई हस्तान्तरण गरेको थियो ।

सर्लाहीमा दुई दिन सीमा क्षेत्रमा झण्डा मार्च गरी आइतबार साँझ रौतहटलाई हस्तान्तरण गरिएको सर्लाहीका सशस्त्र प्रहरी उपरीक्षक (एसपी) देवबहादुर चन्दले जानकारी दिनु भयो । सर्लाही र रौतहटको सीमामा पर्ने बलरा नगरपालिका-१, छन्कीटोलामा एक कार्यक्रमकाबिच पूर्वपश्चिम झण्डा मार्च कार्यक्रम रौतहटका सशस्त्र प्रहरी उपरीक्षक (एसपी) रामहरि अधिकारीलाई हस्तान्तरण गरिएको हो ।



सीमा क्षेत्रको सुरक्षा र स्थानीय समुदायसँग सुमधुर सम्बन्ध कायम गर्ने उद्देश्यले पूर्वपश्चिम झण्डा मार्च कार्यक्रम गरिरहेको सशस्त्र प्रहरी बलले जनाएको छ । पूर्व र पश्चिम दुवै क्षेत्रबाट एकैसाथ सुरु भएको झण्डा मार्च कार्यक्रम पर्साको ठोरीमा आएर मिलन हुने बताइएको छ ।






'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४